प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:** निर्वाहमुखी र परम्परागत बाख्रापालन गर्ने पद्धतीलाई व्यावसायीक बनाउन र पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी मासुमा प्रदेशलाई आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन गर्न जरुरी देखिन्छ । साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम मार्फत कृषकहरुलाई यस पेशामा थप आकर्षित गर्न र आवश्यक अनुशन्धान मार्फत स्वच्छ र स्वस्थय मासुको उत्पादन र उत्पादकत्वमा वृद्धि गराउने उदेश्यले प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले कार्यक्रममा सहभागी हुन ईच्छुक र मापदण्ड पुरा गरेका बाख्रापालन व्यवसायमा आवद्ध कृषक समूह/ कृषि सहकारी/ निजी व्यावसायी सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ।

(घ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ङ) **"बैंक"** भन्नाले कृषि विकास बैंक सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"निर्देशनालय"**भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ज) **"साझेदार संस्था"** भन्नाले निर्देशनालयबाट छनौट भै कार्यक्रम सञ्चालनार्थ द्विपक्षिय सम्झौता गरिएको आवेदक संस्था सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछः-

(क) मासुको उत्पादन र उत्पादकत्वमा वृद्धि गराउने,

(ख) खसी/ बोकाको मासुमा उत्पादन लागत कम गर्ने,

(ग) प्रदेश सरकारको बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम लाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले सञ्चालन गर्ने,

(घ) कृषकहरुलाई व्यावसायमूखी बनाई रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको वरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **कार्यक्रम सञ्चालनः** (१) यो कार्यक्रम मकवानपुर जिल्लाको ईन्द्रसरोवर र भिमफेदी गाउँपालिकमा, चितवन जिल्लाको राप्ति नगरपालिकामा, रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिकामा, सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी गाउँपालिकामा र धादिङ्ग जिल्लाको बेनीघाट रोराङ्ग गाउँपालिकामा कृषक समूह/ कृषि सहकारी/ निजी क्षेत्रसँगको लागत साझेदारीमा सञ्चालन गरिनेछ ।

(२) आगामी आ.व.हरुमा आवश्यकता र औचित्यताको आधारमा यो कार्यक्रम अन्य जिल्लाहरुमा थप गर्दै लगिनेछ ।

७. **प्रस्ताव आह्वानः** निर्देशनालयले यस अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक बाख्रापालन व्यवसायमा आवद्ध कृषक समूह/ कृषि सहकारी/ निजी व्यावसायीहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. **प्रस्ताव दर्ताः** साझेदारी गर्न ईच्छुक बाख्रापालन व्यवसायमा आवद्ध कृषक समूह/ कृषि सहकारी/ निजी व्यावसयिहरुले दफा ७ बमोजिमको समय अवधी भित्र अनुसूची -२ बमोजिमको आवेदन पत्र, अनुसूची -३ बमोजिमको व्यवसायिक कार्ययोजना, अनुसूची -४ बमोजिमको प्रतिवद्धता पत्र, अनुसूची -५ बमोजिमको सिफारिस पत्र सहित निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पेश गर्नु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

९. **आवेदकको छनौटः** आवेदकको छनौट प्रक्रिया देहाय वमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले स्थलगत प्रमाणिकरणको प्रतिवेदन र अनुसुचि -७ बमोजिमको मूल्याङ्कनका आधारहरूमा छनौट गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. **प्रस्तावकलाई जानकारीः** छनौट भएको साझेदार संस्थालाई निर्देशनालयले निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनेछ ।

११. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका आवेदकहरुले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूची -८ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्थाद्वारा पेश भएको कार्ययोजना र आवश्यक न्यूनतम मापदण्डहरु समेटिने गरि ५० प्रतिशत लागत (बढीमा ५० लाख) साझेदारीमा सम्झौता गरी कार्य सम्पन्न गरिनेछ ।

१३. साझेदार संस्थाले बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम अन्तर्गत प्राप्त अनुदान रकमको ५ प्रतिशत रकम आवश्यक अनुसन्धान/ तालिम सम्बन्धि कार्यमा खर्च गर्नु पर्नेछ । मुख्यतया आधुनिक खोर निर्माण, चरन विकास, पूर्वाधार विस्तार, नश्ल सुधार, उन्नत बोका/ बाख्रा खरिद आदि कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ ।

१४. सम्बन्धित साझेदार संस्थाले आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल/ विजक, दाखिला रिपोर्ट, प्रदेश सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन र रनिङ्ग विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात निर्देशनालय/कार्यालयले स्थलगत निरिक्षण गरी मनासिब देखेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ । निर्देशनालयले जम्मा बजेटको १ प्रतिशत रकम कन्टेन्जेन्सी वापत कटाउने छ ।

१५. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

३

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

१६. अनुदान रकमको दुरुपयोग गरेमा तथा सम्झौता बमोजिम कार्य नगरेमा, प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिनेछ ।

## परिच्छेद -५
## मापदण्ड

१७. **साझेदार संस्थाले पालना गर्नुपर्ने विषयहरुः** साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पालना गरेको हुनु पर्नेछः-

(क) लागत साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम सञ्चालन गर्न साझेदार संस्था प्रतिवद्ध हुनु पर्नेछ ।

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदार संस्थालाई प्राथमिकता दिईनेछ । सो नभए साझेदार संस्थाको लगानीकर्ता वा निजी जग्गा कम्तीमा १० वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ ।

(ग) पूर्वाधार (बाटो, पानी, बिजुली), व्यवसायको सम्भाव्यताको आधार अध्ययन गरेर प्रस्तावकलाई प्राथमिकता दिनु पर्नेछ ।

(घ) साझेदार संस्थाले अन्य कुनै व्यावसाय सञ्चालन गरिरहेको भए सो व्यवसायको अवस्था र व्यवसाय परिसरको फोटो प्रस्तावमा संलग्न गर्नु पर्नेछ ।

(ङ) साझेदार संस्थाले कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/नियम पालन गरेको हुनु पर्नेछ ।

(च) साझेदार संस्थाले अन्यत्र यस्ता कार्यक्रम सञ्चालन गरेको भए उल्लेख गर्नु पर्नेछ ।

(छ) साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम गर्ने साझेदार संस्थाले अनुसूची -६ बमोजिमको मापदण्ड पालना गरेको हुनु पर्नेछ ।

## परिच्छेद -६
## विविध

१८. **प्रगति प्रतिवेदनः** (१) साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालय वा सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

१९. **कार्यक्रमको प्रभावकारीताः** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. **संशोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२१. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजिम हुनेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -१
## (दफा ७ सँग सम्बन्धित)
## प्रस्ताव आह्वानको सूचना

यस निर्देशनालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम रहेकोले कार्यान्वयनमा सहभागी हुन इच्छुक बाख्रापालन व्यवसायमा आवद्ध कृषक समूह/ कृषि सहकारी/ निजी व्यावसायीबाट प्रस्ताव माग गरी यो सूचना प्रथम पटक प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिनभित्र तपसिल अनुसारका कागजातहरु संलग्न गरी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तोकिएको ढाँचा (कार्यविधिको अनुसूची -२ को ढाँचा) मा आवेदन-पत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।

**रुपैंयाँ दशको हुलाक टिकट टाँस गरेको आवेदन-पत्र साथ संलग्न गर्नु पर्ने कागजात:**

१. साझेदार संस्थासँग रहेको बाख्राको संख्या, (भएमा)
२. भौतिक पूर्वाधार (सडक, सञ्चार, सिंचाई, पानी र विजुली) को अवस्था खुल्ने कागजात
३. जग्गाको स्वामित्व (निजी/ सेयर होल्डर/ भाडामा) देखिने कागजात र जग्गा कम्तिमा ४० रोपनी हुनु पर्नेछ,
४. अन्य प्रमाणित पत्रहरु (तालिम/ शैक्षिक योग्यता आदि),
५. खोर निर्माण गरिएको/ गरिने जग्गाको क्षेत्रफल (हेक्टरमा),
६. कृषक समूह/ सहकारी/ निजी क्षेत्र दर्ता प्रमाण-पत्र ।
७. व्यवसायिक कार्ययोजना
८. खोर तथा घाँस विस्तार गरिने जग्गाको हालको अवस्था खुल्ने फोटो
९. साझेदार संस्थाको वित्तिय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स) वा बैंकको लेटर अफ इन्टेट
१०. पशु विमा गरेको प्रमाण

<u>नोट:</u> कार्यक्रम सम्बन्धी विस्तृत विवरण निर्देशनालय वा सम्बन्धित कार्यालयको सूचना पाटी र वेवसाईट http://dolfd.p3.gov.np मा हेर्न सकिने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -२
(दफा ८ सँग सम्बन्धित)
आवेदन-पत्र

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।
मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति ... ... ... ... गतेको ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान गरिए बमोजिम उक्त कार्यक्रममा सहभागी हुन निम्नानुसार कागजात राखी यो प्रस्ताव पेश गरिएको छ । अनुदान र स्वलगानी रकमले शर्त अनुसारका कार्यहरु सम्बन्धित जिल्लाभित्रै रही गरिने ब्यहोरा अनुरोध छ ।

१. कृषकको नामः
२. पदः
३. संस्थाको नाम र ठेगानाः
४. बाख्राको संख्या तथा घाँस लगाएको क्षेत्रफल सम्वन्धि विवरणः
५. पालिएका सवै बाख्राहरुको बिमा गरिएको/ नगरिएकोः
६. खोरको अवस्थाः परम्परागत/ सुधारिएकोः
७. बार्षिक कारोबारः मासुः
८. खोर निर्माण गरिएको/ गरिने जग्गाको क्षेत्रफल(हेक्टरमा):
९. सम्बन्धित बिषयमा तालिम लिएको/नलिएकोः
१०. सम्बन्धित कार्यालयको सिफारिस
११. सम्पर्क व्यक्तिको नामः
१२. सम्पर्क नम्बरः
१३. दस्तखतः
१४. संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -३
(दफा ८ सँग सम्बन्धित)

**संक्षिप्त व्यवसायिक कार्ययोजना**

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | आवदेकको ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | |
| ६ | आवेदकको ईमेल तथा वेवसाईट | |
| ७ | संस्था दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्था दर्ता वा स्थापना पश्चातको अवधी (वर्षमा) | |
| १० | भ्याट/ पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १३ | माग गरेको अनुदान रकम रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १४.१ | | |
| १४.२ | | |
| १४.३ | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | |

| | | | | |
|---|---|---|---|---|
| १५.१ | सडक सुविधा (छ/ छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/ पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/ छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १५.४ | खानेपानीको सुविधा (छ/ छैन) | | जग्गाको स्वामित्व (आफ्नै/ लिजमा/ सेयर होल्डर/ प्रोप्राईटर) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

लावा दोर्जे ला[illegible]
मन्त्री

| | |
|---|---|
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण: |
| १८.१ | |
| १८.२ | |
| १८.३ | |

| १९ | कृयाकलाप कार्यान्वयन योजना: | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |
| १९.५ | | | | | | | | | | | | | |

| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |
| २०.५ | | |

| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने: | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | साझेदारी हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |
| २१.५ | | |
| २१.६ | | |

| | |
|---|---|
| २२ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका सोही ठाँउमा वा अन्यत्र उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): |
| २२.१ | |
| २२.२ | |

| | | |
|---|---|---|
| २३ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु. | |
| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने | |
| | अनुभव तथा तालिमहरु | अवधी |
| २४.१ | | |

| | | | |
|---|---|---|---|
| २४.२ | | | |
| २४.३ | | | |
| २४.४ | | | |
| २४.५ | | | |
| २५ | प्रस्तावित जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| २५.१ | | | |
| २५.२ | | | |
| २५.३ | | | |
| २५.४ | | | |
| २५.५ | | | |
| २६ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असरहरुः | | |
| २६.१ | | | |
| २६.२ | | | |
| २६.३ | | | |
| २६.४ | | | |
| २६.५ | | | |
| २७ | वातावरणिय असर न्यूनिकरणको लागी अपनाईने उपायहरुः | | |
| २७.१ | | | |
| २७.२ | | | |
| २७.३ | | | |
| २७.४ | | | |
| २७.५ | | | |
| २८ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | | |
| २९ | जैविक सुरक्षाको अवस्थाः | | |
| ३० | घाँस विस्तार गरिने जग्गाको क्षेत्रफलः | | |
| ३१ | प्रस्तावित कार्यक्रमको वित्तिय लाभ विश्लेषणः | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मा. दावा दोर्जे लामा
मन्त्री

| ख) आर्थिक प्रस्तावः | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः | | | | | | | | |
| क्र. सं. | मुख्य मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | दर | कुल लागत | प्रस्तावकको योगदान रु. | मन्त्रालयबाट अनुदान रु. | प्रस्तावकको योगदानको स्रोत |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

**नोटः** माथि उल्लेखित बुँदाको आधारमा थपघट गरि विस्तृत प्रस्ताव एवं फोटो सहित पेश गर्न सकिनेछ।

**प्रस्तावक साझेदार संस्थाको तर्फबाटः**

उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छुछौं । कहिं/ कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँद छु/ छौं ।

नामः

पदः

हस्ताक्षरः

मितिः

संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -४

(दफा ८ सँग सम्बन्धित)

**लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र**

मितिः ... ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा ।

मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः लागत साझेदारी गर्ने प्रतिवद्धता सम्बन्धमा ।

महोदय,

तहाँ निर्देशनालयको मिति ... ... ... ... गते ... ... ... राष्ट्रिय दैनिक पत्रिकामा कृषक समूह/ सहकारी/ निजि संस्थासँगको लागत साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो कृषक समूह/ कृषि सहकारी/ निजि फार्मले कार्यक्रम कार्यान्वयनका लागि कुल लागत रु. ... ... ... ... ... ... .... ... ... ... ... ... ... ... ... प्रस्ताव गरेको छ । तहाँबाट एक प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी प्राप्त हुने अनुदान रकम रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...) मा नपुग रकम हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछु/ गर्दछौं ।

**जिम्मेवार पदाधिकारीको**

हस्ताक्षरः

मितिः

नामथरः

पदः

संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

११

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -५

(दफा ८ सँग सम्बन्धित)

**सम्बन्धित कार्यालयको सिफारिस-पत्र**

प्रदेश सरकार, प्रदेश नं. ३ पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालयको मिति … … … …को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार जिल्ला … … … … गाउँपालिका/ नगरपालिका … वडा … मा सञ्चालित कृषक समूह/ कृषि सहकारी/ निजी संस्थाले साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रमको लागि तहाँ केन्द्रमा सिफारिसका लागी निवेदन दिनु भएको छ । उक्त निवेदन उपर कारवाही हुँदा निवेदक कृषक समूह/ कृषि सहकारी/ निजी संस्थाले प्रस्ताव गरे अनुसारको बाख्रापालन तथा खोर निर्माण/ सुधार गर्नु पर्ने रकमको व्यवस्था गर्न समेत सक्षम रहेको र हालसम्म कुनै निकायबाट अनुदान रकम नलिएको हुँदा नियमानुसार साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रममा सहभागी गराउनु हुन सिफारिस सहित अनुरोध छ ।

**कार्यालय प्रमुख**

नामः

पदः

दस्तखतः

कार्यालयको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

१२

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -६
(दफा १६ को खण्ड (छ) सँग सम्बन्धित)

### साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रमका लागि न्यूनतम मापदण्ड

१. साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम कृषक समूह/ कृषि सहकारी/ निजी क्षेत्र मार्फत सञ्चालन गरिनेछ ।
२. समूहमा १० जना सदस्य रहने छन् ।
३. प्रत्येक सदस्यहरुले कम्तिमा १० वटा प्रजनन् योग्य माउ बाख्रा पालन गर्नु पर्नेछ ।
४. समूह सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।
५. निजी क्षेत्रको हकमा कम्तीमा १०० वटा बाख्रा पालन गर्नु पर्नेछ ।
६. साझेदार संस्थाले गोठ निमार्णको लागि आवश्यक डिजाईन/ लागत ईस्टिमेट पेश गरेको हुनु पर्नेछ ।
७. साझेदार संस्थाले बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रमका लागि आवश्यक घाँस/ आहारा व्यवस्थापन गर्नु पर्नेछ ।
८. साझेदार संस्थाले बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम अन्तर्गत प्राप्त अनुदान रकमको ५ प्रतिशत रकम आवश्यक अनुसन्धान सम्बन्धि कार्यमा खर्च गर्नु पर्नेछ ।

२. नमुना खोरको नापः (नमूनाको लागि मात्र)

| क्र.सं. | विवरण | नाप |
|---|---|---|
| १. | खोरको लम्बाई | बाखको संख्या अनुसार |
| २. | खोरको चौडाइ | ६ देखि ८ मी बनाउन उपयुक्त हुन्छ तर १२ मी. भन्दा नबढाउने |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -७

(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

**प्रस्ताव छनौटका लागि मुल्याङ्कनका आधारहरु:**

१. जिल्ला:

२. आवेदक संस्थाको नाम:

३. कार्यक्रम सन्चालन स्थलको ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. मूल्याङ्कनका आधारहरु:

| क्र.सं. | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | ३५ | | |
| १.१ | सडक सुविधा भएको (नजिकै) | ४ | | स्थानिय तहको सिफारिस |
| १.२ | बिजुली सुविधा भएको/ तत्काल जडान गर्न सकिने | ३ | | |
| १.३ | पानीको सुविधा भएको/ उपलब्ध गराउन सकिने | ३ | | |
| १.४ | जग्गाको स्वामित्व | २५ | | |
| १.४.१ | आफ्नै भएको | २५ | | प्रमाण देखिने कागजात |
| १.४.२ | सेयर होल्डरको/ संचालकको नाममा जग्गा भएको | २२ | | |
| १.४.३ | लिज मा लिएको | २० | | |
| २. | साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रमका लागि बाख्राको संख्या (प्रस्तावित) | २० | | |
| २.१ | २०० भन्दा बढि | २० | | |
| २.२ | १५१ देखि २०० सम्म | १८ | | |
| २.३ | १०० देखि १५० सम्म | १६ | | |
| ३. | जैविक सुरक्षा/ वातावरणियको अवस्था | १० | | |
| ३.१ | उत्तम | १० | | |
| ३.२ | राम्रो | ७ | | |
| ३.३ | सामान्य | ५ | | |
| ४ | घाँस खेति तथा आहारा व्यवस्थापन हुने सुनिश्चतता | ५ | | |
| ५ | पशु बिमा | ५ | | |
| ५.१ | गरेको | ५ | | |
| ६ | वित्तिय क्षमता | १० | | |
| ६.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | १० | | Letter of intent from |



दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | | bank वा bank balance sheet |
| ७ | रोजगारीको अवस्था (प्रस्तावित) | ५ | | |
| ७.१ | ५ जना भन्दा माथि | ५ | | |
| ७.२ | ५ जना सम्म | ३ | | |
| ८ | स्विकृत कार्यविधि अनुसारको थप आधारहरु | १० | | |
| ८.१ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | ५ | | |
| ८.१.१ | प्राविधिक प्रस्ताव गुणस्तर | २.५ | | |
| ८.१.२ | आर्थिक प्रस्ताव गुणस्तर(ईस्टिमेट/डिजाईन) | २.५ | | |
| ८.२ | B/C ratio, IRR, Payback period को विश्लेषण | ५ | | |
| | जम्मा | १०० | | |

**नोटः** मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

७. स्थलगत अनुगमन टोलीको रायः

| क्र. सं. | पद | राय दिनेको नामथर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुझाव सहित हुन्छ | हुदैन | |
| १ | | | | | | |
| २ | | | | | | |

**नोटः** हुन्छ /सुझाव सहित हुन्छ /हुदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

१.

२.

३.

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -८

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**द्विपक्षिय सम्झौता पत्र**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषक समूह/ सहकारी/ निजि व्यवसायीसँगको लागत साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी मिति ... ... ... गतेको ... ... ... राष्ट्रियस्थानीय पत्रिकामा/ प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री .. .... ... ... को प्रस्ताव छनौट भएको हुँदा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी द्विपक्षिय- सम्झौता गरी बुझिलियौं/दियौं।

**तपशिलः**

(१) प्रथम पक्षले लागत साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रमसञ्चालन सम्बन्धी कार्यक्रमको लागि कुल लागत रु.... ... ... ... ... ... मध्येको १ प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गरी दोस्रो पक्षलाई रु. ... ... ... ... ... ... अक्षेरुपी) रुपैंयाँ ... ... ... ... ... ... ... ... ... अनुदान/ सामग्री सहयोग प्रदान गर्नेछ ।

(२) दोश्रो पक्षले व्यहोर्न पर्ने रकम रु. ... ... ... ... ... व्यवस्था गरी प्रदेश नं. ३ को ... ... ... ... ... ... नगरपालिका/ गाँउपालिका ... ... नं. वडाको ... ... ... ... भन्ने स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

(३) दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/ प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा वा सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई किस्तामा वा दोश्रो पक्षले सम्पूर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्क खाता मार्फत गर्नेछ ।

(४) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्तावपत्र- अनुसारको डिजाईन, ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

(५) कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(६) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/ नभएको हेर्न र आवश्यक सल्लाह/ सुझाव दिन सक्नेछ ।

(७) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

१६

दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

(८) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(९) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(१०) दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र अनुसारको डिजाइन, ईष्टिमेट र दरभाउ मेसिनरी उपकरण र अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समयभित्र सम्मन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(११) दोश्रो पक्षले सम्झौता अनुरुप उद्योग स्थापना नगरेमा प्रथम पक्षले अनुदान रोक्का गर्न सक्नेछ।

(१२) दोश्रो पक्षले साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम अधुरो छाडी कार्यक्रमको दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गर्नेछ ।

(१३) कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(१४) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | निर्देशनालयः |
| संस्थाको छापः | निर्देशनालयको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

**इति सम्वत् ... ... ... ... साल ... ... ... ... महिना ... ... गते रोज ... शुभम् ।**



मा. दावा दोर्जे लामा
मन्त्री